# प्रेस बिज्ञप्ति

हिमालय टेलिभिजन तथा अन्य संचार माध्यमहरुबाट विभिन्न मितिमा प्रकासित समाचारमा कपिलवस्तु नगरपालिकाले राजस्व बेगर नदीजन्य पदार्थ बिकी गरिरेहेको भनी बाहिर आएको समाचार तथा विभिन्न निकायको जिम्मेवार पदाधिकारीहरुको अधिकारिक धारणा प्रति यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । आय ठेक्का बन्दोबस्त गर्दा सम्झौताकै बखत एकमुष्ट रुपमा संचित कोषमा दाखिला भए पछि मात्र उत्खनन संकलन तथा बिकी आदेश दिएको अवस्थामा स्थानीय सरकार संचालन ऐनको व्यवस्थालाई राम्ररी अध्ययन गरी समाचार बनाउन तथा अधिकारिक धारणा सार्वजनिक गर्न नगरपालिका आग्रह गर्दछ ।

जिल्ला प्रशासन कार्यालयको मिति २०७५।०१।०४ गतेको पत्रबाट खोलानालाहरुबाट नदीजन्य पदार्थ संरक्षण तथा उपयोगको लागि भएको निर्देशन अनुसार आम नागरिकहरुलाई सस्तो तथा सर्वसुलभ रुपमा ढुंगा,गिटटी बालुवा पाउनु पर्ने नैसर्गिक अधिकारलाई जोगाउन यो नगरपालिका प्रयासरत रहेको छ । गत बर्ष घाटगददीको व्यवस्था अनुसार ढुंगा,गिटटी बालुवाको दर प्रति क्यु.फिट रु.१७।०० रहेकोमा अहिलेको व्यवस्था अनुसार ६।७८ क्यु.फिट मूल्य भएकोले पनि आम उपभोक्ताहरु लाभावन्तित भएका छन । स्थानीय सरकार जनताप्रति बढी उत्तरदायी भएको हुंदा जनताको सहजताको लागि प्रचलित घाटगददीको व्यवस्था हटाई सस्तो दरमा सहज रुपमा ढुंगा,गिटटी बालुवा उपलब्ध गराइरहेको अवस्थामा केही जिम्मेवार निकाय र संचार माध्यमबाट कानुन विपरीत कपिलवस्तु नगरपालिकाले राजस्व नलिई ठेक्का लगाई नदी दोहन गरिरहेको भन्ने भनाईलाई नगरपालिकाले खण्डन गर्दछ ।

कपिलवस्तु नगरपालिका क्षेत्रभित्र नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन,संकलन तथा निकासीलाई निरुत्साहित गर्न, प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएको स्थलबाट मात्र नदीजन्य पदार्थको उत्खनन,संकलन, वितरण तथा ओसारपसार सम्बन्धी कार्यलाई व्यवस्थित गर्न,जनतालाई सस्तो र सहज आपुर्तिको लागि गत आ.व.मा प्रचलित घाटगद्दीको व्यवस्था हटाई बिकी बितरण गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) को देहाय (६) तथा खण्ड (प) को देहाय (७)ले नदीजन्य पदार्थ र अन्य वस्तुको सर्वेक्षण, उत्खनन,संकलन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी, व्यवस्थापन र सेवा शुल्क, दस्तुर उठाउने अधिकार प्रदान गरेको र साथ साथै सम्मानित सर्वोच्च अदालतको मिति २०७५/०२/२१ मा भएको फैसला बमोजिम स्थानीय तहहरुलाई भएको आदेशानुसार नदीजन्य पदार्थको नियमनको लागि कपिलवस्तु नगरपालिकाले आफनै कार्यविधि बनाई जनतालाई सहज र सस्तो ढुंगा,गिटटी बालुवा उपलब्ध गराउदै आएको अवस्थामा विभिन्न जिम्मेवार पदाधिकारी तथा संचार माध्यमहरुबाट कानुन विपरीत ठेक्का लगाइएको धारणा प्रति समेत यस नगरपालिकाको गंभीर ध्यानाकर्षण भएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार रोयल्टी रकम नगरपालिकाको संचित कोषमा रकम दाखिला गर्ने व्यवस्था रहेको छ । रोयल्टी रकम संचित कोषमा दाखिला हुने भए पछि कार्यविधि बनाउनु पर्ने कानूनी व्यवस्था रहेको छ । कानुन व्याख्या गर्ने निकाय सम्मानित सर्वोच्च अदालतले समेत स्थानीय तहहरुलाई गरेको आदेशानुसार यस प्रदेश अर्न्तगत अन्य विभिन्न स्थानीय तहहरुले समेत आफनो नदीजन्य पदार्थ ब्यस्थापन सम्बन्धी कार्यविधि बनाई लागु गरिरहेको अवस्थामा यस नगरपालिकाको मान मर्दन हुने गरी हतोत्साहित गर्ने उद्देश्यले पटक पटक प्रदेशबाट जारी भएको नदीजन्य पदार्थ ब्यस्थापन कार्यविधि २०७५ अनुसार गर्नको लागि भएको निर्णय प्रति यस नगरपालिकाको समेत ध्यानाकर्षण भएको छ ।

प्रचलित ऐन तथा नीतिगत ब्यवस्थालाई नजर अन्दाज गरी संस्था प्रति लगाइएको आरोप सत्य तथ्यमा आधारित नभएको ब्यहोरा समेत कपिलवस्तु नगरपालिका यसै विज्ञप्ति मार्फत अनुरोध गर्दछ ।

किरण सिंह
नगर प्रमुख